# संघीय संसद
# प्रतिनिधि सभा

पाँचौं अधिवेशन

## बैठक संख्या - २०

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन १८ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रतिनिधि सभामा विपक्षी दलका नेता मा० श्री शेरबहादुर देउवाले प्राणघातक रोग कोरोना भाइरस ५० भन्दा बढि देशमा फैलिएको र नेपाल पनि उच्च जोखिममा रहेको भनी विश्व स्वास्थ्य संगठनले भनीसकेकोले त्यसको रोकथामको लागि सरकारले उचित प्रबन्ध गर्न माग गर्नुहुँदै सेक्युरिटी प्रिन्टीङ्ग प्रेस खरीद प्रकरणमा उठेको भ्रष्टाचारको मुद्दामा सरकार गम्भीर नभएको, नेपाल ट्रष्टको श्वेतपत्र, गोकर्ण रिर्सोट लिज प्रकरण, नेपाल टेलिकममा भएको अरबौंको भ्रष्टाचारका सम्बन्धमा प्रश्न उठाउनुका साथै पेट्रोलियम पदार्थमा लगाएको कर तुरुन्त फिर्ता हुनुपर्ने लगायतका विषयहरुमा आफ्नो धारणा राख्नुभयो ।

तत्पश्चात मा० श्री सरिता गिरीले नेपाल सरकार मन्त्रिपरिषद्‌बाट पेट्रोलियम पदार्थमा लगाइएको पूर्वाधार करले प्रत्यक्ष रुपमा संसदको अधिकार क्षेत्र हनन भएको भन्नुहुँदै कर लगाउने र उठाउने कार्य सदनको अनुमति विना गर्न नपाइने भएकोले उक्त कार्य तुरुन्त फिर्ता गर्न माग गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा सामान्य हेरफेर गरेको व्यहोरा जानकारी गराउनु हुँदै मिति २०७६ साल फागुन १५ गते गणपूरक संख्याको अभावमा निर्णय हुन बाँकी “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम मा० श्री विन्दा पाण्डेले “बोक्सा-बोक्सी, दाइजो लगायतका कुरिती तथा एसिड प्रहार जस्ता आपराधिक कार्य देशमा विद्यमान रहेको अवस्थामा यस्ता अमानवीय, असंवेदनशील र अमर्यादित प्रथा प्रचलन कुरिती र विकृतिको अन्त्यका लागि कानुनी कारवाही गर्न तथा यस सम्बन्धमा विशेष अभियान सञ्चालन गर्न आवश्यक भएकोले” भन्ने सम्बन्धी सार्वजनिक महत्वको प्रस्तावमाथि संक्षिप्त वक्तव्य सहित छलफल प्रारम्भ गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावका समर्थक मा० श्री नवराज सिलवाल र मा० श्री सरिता कुमारी गिरीले प्रस्तावको समर्थन गर्दै छलफलमा भाग लिनुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफल निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री पार्वता डि.सी. (चौधरी)
४. मा० श्री सत्य पहाडी
५. मा० श्री थममाया थापा
६. मा० श्री गोमा देवकोटा
७. मा० श्री समिना हुसेन
८. मा० श्री गजेन्द्र बहादुर महत
९. मा० श्री लक्ष्मी परियार
१०. मा० श्री रामकुमारी झांक्री
११. मा० श्री जुली कुमारी महतो
१२. मा० श्री राधा कुमारी ज्ञवाली
१३. मा० श्री पार्वती कुमारी विशुन्के

यसैबीच मा० श्री राजेन्द्र कुमार के.सी.ले सदनमा सरकारको कुनैपनि मन्त्री उपस्थिति नरहेको विषयमा ध्यानाकर्षण गराउँदा गराउँदै मा० मन्त्री बैठक कक्षमा प्रवेश गर्नुभयो ।

१४. मा० श्री गंगा चौधरी (सत्गौवा)
१५. मा० श्री चाँदतारा कुमारी
१६. मा० श्री दिल कुमारी
१७. मा० श्री विना कुमारी श्रेष्ठ
१८. मा० श्री अञ्जना विसंखे
१९. मा० श्री प्रदिप यादव

| | | | |
|---|---|---|---|
| २०. | मा० श्री शान्ता चौधरी | २६. | मा० श्री सुजाता परियार |
| २१. | मा० श्री प्रमिला राई | २७. | मा० श्री रेनुका गुरुङ्ग |
| २२. | मा० श्री दुर्गा पौडेल | २८. | मा० श्री विद्या भट्टराई |
| २३. | मा० श्री कु. तुल्सी थापा | २९. | मा० श्री गगन कुमार थापा |
| २४. | मा० श्री सरला कुमारी यादव | ३०. | मा० श्री शान्तिमाया तामाङ पाखिन |
| २५. | मा० श्री मन कुमारी जि.सी. | ३१. | मा० श्री विमला वि.क. |

तदुपरान्त मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री पार्वत गुरुङ्गले उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० अर्थ एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले “नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री दिव्यमणि राजभण्डारी | ४. | मा० श्री ज्ञानेन्द्र बहादुर कार्की |
| २. | मा० श्री मिनेन्द्र प्रसाद रिजाल | ५. | मा० श्री रेनुका गुरुङ्ग |
| ३. | मा० श्री भरत कुमार शाह | | |

तदुपरान्त मा० अर्थ एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रकाश रसाईली (स्नेही)ले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ५४ रहेकोले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीको बाँकी सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन १९ गते सोमबार दिनको १:०० बस्नेगरी दिनको ५:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव